

नेपाली कम्युनिस्ट आन्दोलनको गवेषण

आनन्द पोखरेल

३

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश


PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

आमा डेन्टल केयर प्रा. लि.

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816





हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।

❑ वर्ष-२१ ❑ अंक - १२४ ❑ २०८३ वैशाख २३ गते बुधबार ❑ Wednesday, 06 May 2026 ❑ मूल्य ७ /-

## राष्ट्रपतिबाट दुवै सदनको बैठक आब्ह्वान

दमक । राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुवै सदनको बैठक आह्वान गरेका छन् । राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा वैशाख २८ गते २ बजे बस्नेगरी बैठक आह्वान गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए ।

## रास्वपाका सांसदलाई फेरी २ दिने प्रशिक्षणमा राखिने

**दमक**/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्ना सांसदलाई २ दिनको प्रशिक्षण आयोजना गरेको छ । वैशाख २६ र २७ गते सांसदहरूका लागि प्रशिक्षण कार्यक्रम राखिएको प्रशिक्षण विभाग प्रमुख विपिन आचार्यले जानकारी दिए । सांसद्को शपथअघि पनि रास्वपाले आवासीय प्रशिक्षण राखेको थियो । यसपटक भने संसदीय दलको कार्यालय सिंहदरबारमा बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म प्रशिक्षण हुनेछ । संसदीय अभ्यास र संसद्मा प्रभावकारी भूमिका सम्बन्धमा सांसदहरूलाई प्रशिक्षण दिन थालिएको हो । बजेट अधिवेशनको पूर्वसन्ध्यामा रास्वपाले सांसदका लागि प्रशिक्षण आयोजना गर्न लागेको हो ।

## त्रिशुलीमा माछा मार्न पसेका चेपाङ बेपत्ता

दमक । माछा मार्ने क्रममा त्रिशूली नदीमा एक जना बेपत्ता भएका छन् । धादिङको बेनीघाट रोराङ गाउँपालिका-६ स्यादुलका ४२ वर्षीय रामकुमार चेपाङ माछा मार्ने क्रममा नदीमा बेपत्ता भएका हुन् । प्रहरीका अनुसार चेपाङ आफ्ना दुई छोरासहित माछा मार्न गएका थिए । सोही क्रममा पौडी खेल्ने प्रयास गर्दा उनी त्रिशूली नदीमा डुबेर बेपत्ता भएका हुन्। प्रहरीका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ भने बेपत्ताको खोजी कार्य जारी रहेको छ ।

## १५ दिनमै तलब भुक्तानी दिन महालेखाको निर्देशन

दमक । महालेखा नियन्त्रक कार्यालयले संघीय सरकारका कर्मचारीलाई अबदेखि हरेक १५-१५ दिनमा तलबभत्ता भुक्तानी गर्न सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिएको छ । अर्थमन्त्रीस्तरको वैशाख ४ को नीतिगत मार्गदर्शनअनुसार यो व्यवस्था लागू गरिएको हो । यो प्रणालीलाई हाल परीक्षणका रूपमा संघीय कर्मचारीमा मात्र लागू गरिएको छ । प्रदेश र स्थानीय तहले भने आफ्नो आवश्यकताअनुसार निर्णय लिन सक्नेछन् । शिक्षकलगायतको तलब निकासामा बजेट प्रक्रिया फरक भएकाले सम्बन्धित पालिकाले उपयुक्त निर्णय गर्न सक्ने महालेखाले जनाएको छ ।

## हिरासतमुक्त भए गोल्छा

**दमक**/ व्यवसायी शेखर गोल्छा रिहा भएका छन् । काठमाडौं जिल्ला अदालतले बिमा सम्बन्धी कसुरमा गोल्छालाई थुनामा राखेर अनुसन्धान गर्न म्याद थप्न अस्विकार गरेको हो । गोल्छा सर्वोच्चको परमादेशअनुसार धितोपत्र सम्बन्धी कसुरमा ५ लाख धरौटी बुझाएर रिहा भएलगत्तै सोमबार बिमासम्बन्धी कसुरमा पक्राउ परेका थिए । उनीविरूद्ध म्याद थप गरेर अनुसन्धान गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले जिल्ला अदालतसँग अनुमति मागेकामा न्यायाधीश मोना सिंहको इजलासले म्याद थप्न अस्विकार गरेको हो ।

## शिक्षक नियुक्तिमा लेनदेन पुष्टि

**उदयपुर**/ शिक्षक नियुक्ति गर्दा उदयपुरको एक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षले मोटो रकम लिएको पाइएको छ । चौदण्डीगढी नगरपालिका-५ बाँकी ४ पेजमा ▸▸

### बालेनको पत्रपछि "संवैधानिक परिषद् अध्यादेश" जारी

# सरकारलाई खुल्यो "काम गर्ने" बाटो

पूर्वसन्देश समाचार

**दमक**/ राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेश जारी गरेका छन् । यसअघि राष्ट्रपति पौडेलले सरकारद्वारा पेश भएका अन्य ७ वटा अध्यादेश जारी गरिसकेका छन् ।

प्रधानमन्त्री वालेन्द्र शाह ( बालेन) ले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश विगतमा संसद्ले पारित गरेको विधेयक भन्दा फरक खालको भएको तर्क गर्दै यथावत् रुपमा जारी गर्न पत्र पठाएपछि राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार अध्यादेश जारी गरेको बताइएको छ । उनले संविधानमा संवैधानिक परिषद्को निर्णय गर्दा बहुमतीय प्रणालीको कल्पना गरिएको तर अध्यादेश त्यो मर्म भन्दा फरक तरिकाले आएको तर्क राष्ट्रपतिको थियो । तर प्रधानमन्त्रीले पत्र पठाएर गणपूरक संख्यामा कम्तीमा चारजना राखी गणपूरकको व्यवस्था गरिएको जानकारी गराएपछि अध्यादेश पारित भएको हो ।

संवैधानिक परिषद् सम्बन्धी अध्यादेश मात्रै रोकिएको थियो । झण्डै दुई तिहाई जनमतको सरकारले पठाएको विधेयक रोक्दा राष्ट्रपति र सरकार विच टसल वढ्ने पनि कतिपयको अनुमान थियो । तर यो विषय सामान्य नोकझोँकमै सेटल भएको छ । अब प्रचण्ड जनमत पाएको सरकारलाई आफु अनुकुल काम गर्न पनि मार्ग प्रशस्त भएको छ। अब प्रचण्ड जनमत पाएको सरकारलाई आफु अनुकुल काम गर्न पनि मार्ग प्रशस्त भएको छ ।

संवैधानिक परिषद् राज्यका महत्वपूर्ण संवैधानिक निकायमा पदाधिकारी नियुक्ति गर्ने मुख्य संयन्त्र हो । यसको कार्यविधि र अधिकारसम्बन्धी कानुनी व्यवस्था अत्यन्त संवेदनशील मानिन्छ । सरकारले झण्डै दुई तिहाई जनमतको बलमा अघि सारेको विधेयक रोकिँदा राष्ट्रपति संस्थाको भूमिकामाथि पनि बहस सुरु भएको थियो । कतिपयले यसलाई संवैधानिक सन्तुलन कायम गर्ने प्रयासका रूपमा व्याख्या गरे भने अन्यले कार्यपालिकाको निर्णयमा अनावश्यक ढिलाई भएको टिप्पणी गरेका थिए । विगतमा पनि सरकारबाट पेश भएको यो अध्यादेश फिर्ता गरेका राष्ट्रपतिले यस पटक पनि बाँकी ४ पेजमा ▸▸

### प्रणाली बचाउने अभ्यास : प्रम बालेन

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले अध्यादेश कुनै पार्टीविरुद्धको लडाइँ नभई प्रणाली बचाउने प्रयास भएको दाबी गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत उनले देशलाई दलगत कब्जाबाट निकालेर संस्थागत मार्गमा ल्याउने प्रयास रहेको उल्लेख गरेका छन् । शिक्षालय र कर्मचारीतन्त्रलाई दलगत सङ्क्रमणबाट मुक्त गर्न प्रयास थालिएको प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्री शाहका अनुसार अब शिक्षालयमा दलको झण्डा र कर्मचारीतन्त्रमा दलको झोला बोक्ने कार्य पूर्णत: निषेध गरिएको छ । उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले शिक्षालय र कर्मचारीतन्त्रबाट दलगत राजनीति हटाउने कुरा सङ्गठन बनाउन नसकेर नभएको तर्कसहित चाहेमा चाहेकै दिनमा ठूला विद्यार्थी र कर्मचारी सङ्गठन बाँकी ४ पेजमा ▸▸

## १७ मन्त्रालयको खाका तयार

**दमक/** सरकारले चारवटा मन्त्रालयलाई खारेज गरी १७ वटा मन्त्रालय मात्र कायम गर्ने भएको छ । १ सय दिनमा गर्ने सय कामभित्र मन्त्रालयको संख्या घटाई १७ कायम गर्ने सरकारले निर्णय गरेको थियो । सोही निर्णयलाई कार्यान्वयन गर्न गठित कार्यदलले खारेजी गर्ने, एकआसपमा गाभ्ने मन्त्रालयहरूको सूची तयार पारेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित ५ सदस्यीय कार्यदलले संघमा १७ मन्त्रालय रहने प्रस्ताव तयार गरेको हो । कार्कीका अलावा अर्थ, संघीय मामिला तथा सामान्य मन्त्रालयका सहसचिव, प्रधानमन्त्री कार्यालका कानुन महाशाखा प्रमुख र सोही कार्यालयका सहसचिव सदस्यसचिव रहेका छन् । प्रधानमन्त्रीस्तरीय निर्णयबाट गत १७ चैतमा पुनर्संरचना व्यवस्थापन सचिवालय गठन भएको हो । सोही दिन सचिवालयको पहिलो बैठक बसेर काम अगाडि बढाएको एक सदस्यले बताए । उनका अनुसार कार्यदललाई ३० दिनको समय दिइएको थियो । बाँकी ४ पेजमा ▸▸

## पीडित बचतकर्तालाई ४६ अर्ब फिर्ता गर्ने प्रक्रिया सुरू

**दमक/** समस्याग्रस्त सहकारी व्यवस्थापन समिति ले समस्याग्रस्त सहकारी संस्थाहरूमा अड्किएको बचत रकम फिर्ता गर्ने प्रक्रिया औपचारिक रूपमा अघि बढाएको छ । समितिका अनुसार करिब ७६ हजार बचतकर्ताको झण्डै ४६ अर्ब रूपैयाँ फिर्ता गर्न बाँकी रहेको छ ।

समितिका सदस्य सचिव रविन ढकालले आगामी जेठको पहिलो साताबाट बचत फिर्ता गर्ने कार्य सुरू गरिने जानकारी दिए । यसअघि नै मागदाबी गरेका बचतकर्ताहरूलाई प्राथमिकतामा राखी रकम वितरण गरिनेछ । त्यस्तै, विभिन्न कारणले मागदाबी गर्न छुटेका बचतकर्ताहरूका लागि आगामी साउनको पहिलो हप्तामा पुनः आवेदन दिने अवसर प्रदान गरिनेछ । समितिले बचत फिर्ता प्रक्रियालाई व्यवस्थित बनाउन वैज्ञानिक र न्यायपूर्ण कार्यविधि निर्माण गर्ने जनाएको छ । कोषमा पर्याप्त रकम नभएमा सरकारले व्यवस्था गरेको चक्रीय कोषबाट बाँकी ४ पेजमा ▸▸

### वन ऐन संशोधनः विकास आयोजना सहजताका लागि वनमा नयाँ व्यवस्था

**दमक**/ सरकारले विकास निर्माणका आयोजनालाई सहज बनाउन वन क्षेत्र प्रयोगसम्बन्धी कानुनमा महत्वपूर्ण संशोधन गरेको छ । केही नेपाल ऐन संशोधन अध्यादेश, २०८३ मार्फत वन ऐन, २०७६ मा परिवर्तन गर्दै आयोजनालाई वन क्षेत्रका कारण अवरोध नहुने व्यवस्था गरिएको हो ।

संशोधनअनुसार अब राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत तथा राष्ट्रिय गौरवका आयोजनाले वन क्षेत्र प्रयोग गर्न आवश्यक परे मन्त्रिपरिषद्को स्वीकृतिमा अनुमति पाउन सक्नेछन् । जग्गा खोज्ने र रूख हुर्काउने झन्झट हटाउँदै सरकारले अब जग्गा उपलब्ध गराउने वा त्यसको सट्टा नगद रकम तिर्ने विकल्प दिएको छ । सो रकम वन विकास कोषमा जम्मा हुनेछ ।

वन ऐनको दफा ४२ पूर्ण रूपमा संशोधन गर्दै वन क्षेत्र प्रयोगबापत आयोजनाले सोही बराबरको जग्गा उपलब्ध गराई पाँच वर्षसम्म वृक्षरोपण गर्नुपर्ने वा नगद रकम बुझाउनुपर्ने व्यवस्था गरिएको छ । विद्युत् प्रसारण लाइन र सञ्चार टावरका लागि भने निश्चित छुट दर कायम गरिएको छ। प्राप्त राजस्वको ५० प्रतिशत वन विकास कोषमा जानेछ ।

सरकारले वन प्रशासनलाई थप जवाफदेही बनाउँदै बाँकी ४ पेजमा ▸▸

# भूमिहीन र सुकुम्बासी व्यवस्थापनमा नयाँ व्यवस्था

**दमक/** सरकारले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने पुरानो संरचना परिवर्तन गर्दै आयोग, समिति वा कार्यदल गठन गर्ने व्यवस्था हटाएको छ । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा जारी 'केही नेपाल ऐन संशोधन अध्यादेश' मार्फत भूमि सम्बन्धी ऐन संशोधन गर्दै उक्त व्यवस्था गरिएको हो। अब तीनै वर्गको व्यवस्थापनका लागि एउटै समिति वा कार्यदल बनाउने व्यवस्था गरिएको छ ।

संशोधित ऐनअनुसार भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउन आयोग, समिति वा कार्यदल गठन गर्ने व्यवस्था हटाइएको छ । साथै यस्ता निकायको संरचना, अधिकार र कार्यविधिसम्बन्धी प्रावधानहरु समेत खारेज गरिएको छ । यसअघि भूमिहीन र सुकुम्बासीको पहिचान, लगत संकलन, बाँकी ४ पेजमा ▸▸

### *भूमि आयोग झापामा ५० हजार बढी आवेदन*

***भद्रपुर/*** *झापामा भूमिहीन तथा भूमि समस्या समाधानका लागि ५० हजारभन्दा बढी निवेदन परेको छ, जसअनुसार २०८१ पुसमा गठन भएको भूमि समस्या समाधान आयोगका अध्यक्ष मदन अधिकारीका अनुसार जिल्लाभरबाट कुल ५० हजार ७ सय आवेदक जग्गाको स्वामित्व सम्बन्धी प्रक्रियामा सहभागी भएका छन् । जिल्लाका १५ वटै स्थानीय तहबाट आएका निवेदनमध्ये आयोगले पहिलो चरणमा कन्काई, अर्जुनधारा, गौरीगञ्ज र बुद्धशान्ति क्षेत्रमा काम अघि बढाएको थियो, ती क्षेत्रमा हालसम्म ९ सयभन्दा बढी धनीपूर्जा वितरण भइसकेको छ । कार्यविधिअनुसार श्रीमान-श्रीमती दुवैको फोटो र हस्ताक्षर अनिवार्य भएकाले* बाँकी ४ पेजमा ▸▸

## लाइसेन्सको नतिजामा नागरिकता नं. हाल्न नपाइने

दमक । सर्वोच्च अदालतले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) को लिखित तथा प्रयोगात्मक (ट्रायल) परीक्षाको नतिजा प्रकाशित गर्दा परीक्षार्थीको नागरिकता नम्बर सार्वजनिक गर्ने प्रचलनलाई गोपनीयताको हकविपरीत ठहर गरेको छ ।

न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासले यातायात व्यवस्था कार्यालयहरूले नतिजा प्रकाशन गर्दा परीक्षार्थीको नाम र रोल नम्बरका अतिरिक्त नागरिकता नम्बरसमेत राख्ने कार्य संविधान र कानुनविपरीत भएको फैसला सुनाएको हो ।

अदालतले अब उपरान्त नतिजा प्रकाशन गर्दा नागरिकता नम्बर नराखी बाँकी ४ पेजमा ▸▸

## यात्रुको सुरक्षामा ध्यान दिन प्रधिकरणको निर्देशन

**दमक/**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जोखिमयुक्त सडकमा सवारी आवागमन बन्द गरी यात्रु तथा सवारीसाधनको सुरक्षा सुनिश्चित गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ । साथै, यस्तो बन्दको अवज्ञा गर्ने सवारी चालक र धनीलाई कारबाही गर्नसमेत भनिएको छ । यस निर्णयको पृष्ठभूमिमा काभ्रे स्थित रोशी खोलामा आएको बाढीका कारण पाँचवटा सवारी जोखिम मोलेर अगाडि बढ्दा ८९ यात्रु फसेको घटना रहेको छ, जसको पछि सबैको सकुशल उद्धार गरिएको थियो। केही चालकको लापरबाहीले यात्रुको सुरक्षामा गम्भीर प्रश्न उठेपछि प्राधिकरणले स्थानीय अवस्था र सडक जोखिमको मूल्यांकन गरेर आवश्यक परे सवारी आवागमन बन्द गर्न निर्देशन दिएको हो। साथै, जल तथा मौसम विज्ञान विभाग को मौसम पूर्वानुमान तथा पूर्वसूचना पालना गर्न पनि आग्रह गरिएको छ ।

दमक नगरपालिका दमक झापा

## स्वास्थ्य शाखाको सूचना

राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रम २०८३ अर्न्तगत दमक नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा ६-५९ महिनाका शिशु तथा बालबालिकाको तौल मापन, उचाई लम्बाई मापन, पोषण जन्य कारणले सुन्निएको नसुन्निएको र पाखुराको मध्य भागको परिधि मापन गर्ने कार्य गरि पोषण अवस्थाको पहिचान/विश्लेषण र उपचार व्यवस्थापन गर्न निम्न स्थान तथा मितिमा बिहान १० बजे देखी ४ वजे सम्म स्वास्थ्यकर्मीवाट गरिने भएकोले आफ्नो पाएक पर्ने स्थानमा वालबालिका हित उपस्थित भई आफ्नो वालवालिकाको पोषणको स्थिति पत्ता लगाई मौकाको फाईदा उठाउनुहुन अनुरोध छ ।

| मिति | वडा नम्बर | कार्यक्रम संचालन हुने स्थान | थप जानकारी तथा सम्पर्कका लागि |
|---|---|---|---|
| २०८३/०१/२३ | ६ | १. ग्लोबल मन्टेसरी, नयाँ सब्जि बजार<br>२. राष्ट्रिय वाणिज्य बैंक, फर्निचर लाईन | चेतन निरौला<br>आधारभुत स्वास्थ्य केन्द्र-६<br>९८०१९०८९४४ |
| २०८३/०१/२४ | ७ | १ संरक्षण टाल भवन, संरुक्षण टोल<br>२. प्रगति टोल, हाटखोला | भिमा भट्टराई<br>आधारभुत स्वास्थ्य केन्द्र-७<br>९८६२६२७५२० |
| २०८३/०१/२५ | ८ | १ जेष्ठ नागरिक भवन, वडा कार्यलय<br>२ शिव मन्दिर, पुल्चोक | लोकनाथ गौतम<br>आधारभुत स्वास्थ्य केन्द्र-८<br>९८६२६७३७०५ |
| २०८३/०१/२८ | ९ | १ सरस्वती मा वि, ईटाभट्टा,<br>२ शान्ति बाल बिकास केन्द्र, शान्ति मार्ग, ३ शिव मन्दिर, बुद्ध चोक | जयमन्त पण्डित<br>शहरी स्वास्थ्य केन्द्र-८<br>९८०१९०८९५५ |
| २०८३/०१/२९ | १० | १. सेतुमारी खोप केन्द्र, सेतुमारी<br>२. त्रिवेणी टोल, नलबारी | सबिना भट्टराई<br>शहरी स्वास्थ्य केन्द्र-१०<br>९८१५९९३६०२ |
| २०८३/०१/३० | १ | १ दुर्गा मन्दिर, संगम चौक,<br>२ बाल केन्द्र, हिमालय टोल | कमला पौडेल<br>९८४२६८८६१२ |

**नोटः यसै बमोजिमको सूचना ३ दिनसम्म प्रकाशित गरिदिनुहुन अनुरोध छ ।**

# सम्पादकीय

## ट्राफिक व्यवस्थापनमा देखिएको चुनौती

कोशी प्रदेशमा ट्राफिक व्यवस्थापनका लागि १७ दिनको अभियान सम्पन्न भयो । यस अवधीमा ५ हजार ८ सय १ सवारी साधन कार्वाहीमा परे । यसले देखाएको छ कि, सवारी साधन चालकहरूमा सवारी नियम उल्लङ्घनको लतनै बसेको छ । सवै भन्दा बढि चुनौती त मादक पदार्शको सवेन गर्ने पनि देखियो ।

मादक पदार्थ आँफैमा घातक वस्तु हो । यसले पुऱ्याउने सामाजिक, पारिवारीक र निजी हानी त छँदैछ त्यसै माथि सवारी साधन समेत चलाईनुले सेवन गर्ने र अरूको ज्यान समेत धरापमा पर्ने गरेको छ । नयाँ चुनौतीको रूपमा सवारी चालकहरूमा मादक पदार्थ सेवनको पनि देखिएको छ । यो अर्को समस्यामा रूपमा देखा पर्नुले यो क्षेत्र चुनौतीमय बन्दै गएको छ ।

तथ्यहरुले देखाएअनुसार धेरै चालकहरुमा नियम तोड्ने बानी जस्तै बनिसकेको छ । ट्राफिक संकेत बेवास्ता गर्ने, तीव्र गतिमा सवारी चलाउने, ओभरटेक गर्ने गलत तरिका अपनाउने जस्ता क्रियाकलापले सडकलाई असुरक्षित बनाइरहेका छन् । यस्तो लापरवाहीले न केवल चालक स्वयंलाई, तर पैदलयात्री र अन्य सवारी प्रयोगकर्तालाई पनि जोखिममा पारिरहेको छ । वर्षेनी बढ्दै गएको सवारी दुर्घटनाले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याइरहेको छ । कैयौं परिवारले आफ्ना प्रियजन गुमाइरहेका छन् भने कतिपय व्यक्तिहरु आजीवन अपाङ्ग बन्न बाध्य छन् । यसले समाजमा आर्थिक, मानसिक र सामाजिक रुपमा गहिरो असर पारिरहेको छ । यस समस्याको समाधानका लागि कडा कानुनी कार्यान्वयन, जनचेतना अभिवृद्धि र चालकहरुको जिम्मेवारी बोध अत्यावश्यक छ । ट्राफिक नियमको कडाइका साथ पालना गराउने, मादक पदार्थ सेवन गरी सवारी चलाउनेलाई कडा सजाय दिने तथा सडक सुरक्षा सम्बन्धी शिक्षा विस्तार गर्ने जस्ता कदमहरु प्रभावकारी हुन सक्छन् । साथै, प्रत्येक नागरिकले पनि आफ्नो कर्तव्य बुझेर जिम्मेवार व्यवहार देखाउनुपर्छ ।

सुरक्षित सडक र दुर्घटनामुक्त समाज निर्माणका लागि सबै पक्षको सहकार्य अपरिहार्य छ । नियम पालनाको संस्कार विकास गर्न सके मात्र यस गम्भीर समस्यालाई नियन्त्रण गर्न सकिन्छ । यस्तै शहरी क्षेत्रमा तीन पाङ्ग्रे सिटी रिक्सा र अटो सञ्चालनमा पनि चुनौतीपूर्ण देखिएको छ । संख्या धेरै हुनु, अधिकांशमा अनुमतिपत्र नहुनु, ट्राफिक नियमको जानकारी नहुनु जस्ता कारणले पनि सहरी क्षेत्रमा झनै समस्या परेको देखिन्छ ।

समग्रतामा ट्राफिक अव्यवस्थापनका कारक मानिने यान्त्रिक समस्या समस्या भएका सवारी साधन, जोखिमपूर्ण सडक र पूर्वाधार, चालक तथा पैदलयात्री गर्ने वेवास्ता र लापर्वाही, ट्राफिक नियमको पालना र दण्ड-सँजाय जस्ता सगम्र विषयहरूको अध्ययन गरि समाधान तर्फ ध्यान दिन आवश्यक छ । यसका लागि कुनै पक्षलाई मात्र दोष दिनु वा जिम्मेवारी देखाउनु भन्दा सम्वद्ध सरोकारवाला सवै क्षेत्र विच समन्वय गरेर यो समस्या निराकरणमा क्रियाशिल हुन जरूरी छ ।

# नेपाली कम्युनिस्ट आन्दोलनको गवेषण



**जनताको विश्वास पुनः प्राप्त गर्ने एकमात्र उपाय भनेको स्पष्ट विचार, जिम्मेवार व्यवहार र परिणाममुखी शासन हो।**

**आनन्द पोखरेल**

नेपालको कम्युनिस्ट आन्दोलनले विगत सात दशकमा उल्लेखनीय उतारचढावको अनुभव गरेको छ । जनआन्दोलन, सशस्त्र संघर्ष, शान्ति प्रक्रिया, संविधान निर्माण र संसदीय प्रतिस्पर्धा हुँदै आजको अवस्थामा आइपुग्दा यस आन्दोलनले एकातिर ऐतिहासिक उपलब्धिहरू हासिल गरेको छ भने अर्कोतिर गम्भीर अन्तर्विरोध, विखण्डन र जनविश्वासको ह्रास पनि बेहोरेको छ ।

पछिल्लो समयमा देखिएको 'दुरावस्था'लाई बुझ्न घटनाहरूको शृंखला मात्र पढ्नु पर्याप्त हुँदैन । त्यसका पछाडि रहेका सैद्धान्तिक विचलन, संगठनात्मक कमजोरी र व्यवहारिक राजनीतिका प्रवृत्तिहरूलाई समेत विश्लेषण गर्नुपर्छ । यो लेखमा नेपालको कम्युनिस्ट आन्दोलनको मूल प्रवृत्ति नेकपा एमाले र नेकपा माओवादी केन्द्र सम्मिलित २०७४ को गठबन्धन, पार्टी एकतापछि उत्पन्न अन्तरविरोध पार्टी विभाजन, संसद् विघटन र २०८२ को निर्वाचनपछिको स्थितिसम्मको विश्लेषण छ ।

**१. जनादेश र अपेक्षाको द्वन्द्व :** २०७४ को वाम गठबन्धनमार्फत प्राप्त दुईतिहाइ नजिकको जनादेश नेपाली कम्युनिस्ट आन्दोलनका लागि ऐतिहासिक अवसर थियो । यसले स्थिर सरकार, नीतिगत निरन्तरता र समाजवाद उन्मुख रूपान्तरणको सम्भावना खोलिदिएको थियो । जनताको अपेक्षा र विश्वास ह्वातै बढेको थियो । सैद्धान्तिक रूपमा हेर्दा जनादेश आफैंमा परिवर्तनको बाटो होइन रहेछ । त्यो केवल सम्भावना हो र जनविश्वास हो । त्यसलाई टिकाउनु र राष्ट्र जनताको पक्षमा काम गर्नु महत्पूर्ण थियो । त्यो विश्वासलाई लत्याउँदै जब राजनीतिक नेतृत्वले 'ऐतिहासिक अवसर'लाई 'स्वतः सिद्ध अधिकार'को रूपमा बुझ्न थाले । एकपटकको जनादेश सधैंका लागि र मेरा लागि भन्ने ग्रन्थीबाट चल्न थाल्यो । त्यहाँबाट समस्याको सुरुवात हुन्छ । यही विन्दुमा जनताको अपेक्षा र नेतृत्वको व्यवहारबीच अन्तर बढ्न थाल्यो । समस्या त्यहीँबाट सुरुवात भएको थियो ।

**२. एकताको रूप र सारबीचको अन्तर :** २०७५ जेठ ३ को नेकपा एकतालाई औपचारिक रूपमा ऐतिहासिक एकता भनिए पनि यसको वैचारिक र सांगठानिक आधार कमजोर थियो । मार्क्सवादी परम्परामा एकता केवल संगठनात्मक संरचना होइन, विचार, कार्यक्रम र कार्यदिशाको एकरूपता हो । तर, यहाँ एकता मुख्यतः नेतृत्वबीचको शक्ति सन्तुलन र सत्ताको बाँडफाँटमा केन्द्रित भयो ।

परिणामतः 'रूप'मा एकता देखियो तर 'सार'मा विभाजन कायम रह्यो । यही अन्तर्विरोधले पछि तीव्र किचलो, गुटबन्दी र अन्ततः अदलतको फैसलाको जगमा पार्टी पुनः विभाजनलाई जन्म दियो । पुनः कम्युनिस्ट आन्दोलनका पक्षपाति जनसमुदाय निराश भए । बिस्तारै जनमत कम्युनिस्ट आन्दोलनको विपक्षमा गयो । आन्दोलनको क्षयिकरणको विन्दु यही शृंखलाबाट सुरु भयो ।

**३. सत्ताकेन्द्रीकरण वर्गीय एजेन्डाको क्षय :** कम्युनिस्ट आन्दोलनको मूल आधार वर्गीय राजनीति हो । श्रमजीवी वर्गको पक्षमा नीतिगत हस्तक्षेप भएन । पछिल्लो अवधिमा आन्दोलन क्रमशः सत्ताकेन्द्रित हुँदै गयो । दलाल, नोकरशाही र बिचौलियामा समर्पित भयो । नेतृत्वको राज्यसत्तामा पहुँचलाई नै राजनीतिक र पार्टीगत उपलब्धि मान्ने प्रवृत्तिले वर्गीय एजेन्डा ओझेलमा पऱ्यो । कम्युनिस्ट पार्टीका मूल एजेन्डा भूमि सुधार, उत्पादन वृद्धि, श्रम अधिकार, सार्वजनिक सेवा, भ्रष्टचार अन्त्य, सुशासन र सामजिक न्यायजस्ता एजेन्डा नारामा सीमित भए । जब सिद्धान्त र व्यवहारबीच खाडल हुन्छ तब आन्दोलनको वैधता कमजोर हुन्छ । जनताहरू आधारभूत रूपमा पार्टीसँग टाढिन्छन् । हामीले अहिले त्यही नतिजा भोग्दैछौं । वस्तुनिष्ठ रूपमा हेर्दा नेपाली कम्युनिस्ट पार्टीका लागि मुख्य समस्या सत्ताकेन्द्रितता, वैचारिक अस्पष्टता र संगठनात्मक कमजोरी हो ।

**४. आन्तरिक लोकतन्त्रको अभाव :** कम्युनिस्ट पार्टीहरूमा 'जनवादी केन्द्रीयता' सिद्धान्तको अभ्यास हुन्छ । जसमा खुला बहसपछि एकीकृत निर्णय लागू गरिन्छ । तर, व्यवहारमा बहस सीमित र निर्णय केन्द्रीकृत हुँदा गयो, पार्टीभित्र यो सिद्धान्त दस्तावेजमा सीमित भयो । नेतृत्व केन्द्रित निर्णय, गुटीय ध्रुवीकरण र असहमतिप्रति असहिष्णुता बढ्दा संगठनभित्रै अविश्वास पैदा हुन्छ । यही कारणले एकतापछि बनेको संरचना टिकाउ हुन सकेन ।

**५. संवैधानिक अभ्यासमा संकट :** प्रतिनिधिसभा विघटन २०७७-२०७८ का घटनाहरूले कम्युनिस्ट आन्दोलनको लोकतान्त्रिक प्रतिबद्धतामाथि प्रश्न उठायो । संसद् विघटन जस्तो कदमले राजनीतिक संकट समाधान गर्नुको सट्टा झन् गहिरो बनायो । सैद्धान्तिक रूपमा, कम्युनिस्ट आन्दोलनले जनताबाट प्राप्त म्यान्डेटलाई संस्थागत प्रक्रियामार्फत प्रयोग गर्नुपर्छ । तर, जब शक्ति संघर्षले संवैधानिक प्रक्रियालाई ओझेलमा पार्छ, त्यसले जनविश्वासमा प्रत्यक्ष आघात पुऱ्याउँछ । कम्युनिस्ट पार्टीहरू विशेषत एमालेका यी व्यवहारप्रति पार्टी र नेतृत्वप्रति प्रहार भयो । यो प्रहारलाई नेतृत्वले बेवास्ता गऱ्यो । स्वयं वामपन्थीहरूले यो प्रहार एमालेविरुद्ध हो भनेर बल लगाएर एमालेविरुद्ध नै जाइलाग्यो । परिणाम सबै वामपन्थी अहिले कर्नरमा परेका छन् । मुलुकले एकपछि अर्को संवैधानिक संकट बेहोर्नुपरेको छ । असंवैधानिक यात्रासँगै पुनः संविधान लिकमा छ । वर्तमान सरकारको संविधानप्रतिक विश्वासमा राजनीतिक दलले शंकाको दृष्टिले हेरेका छन् । तथापि निर्वाचित सरकार छ ।

**६. गठबन्धन राजनीति र वैचारिक अस्पष्टता:** नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बीचको सहकार्य वा प्रतिस्पर्धा, दुवै अवस्थामा स्पष्ट वैचारिक र नीतिगत ध्रुवीकरण छ । संसदीय अभ्यासमा सत्ता पक्ष र विपक्षबीच सीमा र परिभाषा छन् । त्यो सीमा बाहिर गएर गठबन्धन भयो । संसदीय व्यवस्थामा गठबन्धन अस्वाभाविक होइन । जब गठबन्धन सत्ता स्वार्थ र सत्ताका लागि हुन्छ र साझा कार्यक्रम अस्पष्ट हुन्छ । त्यसले मतदातामा भ्रम पैदा गर्छ । कम्युनिस्ट आन्दोलनको पहिचान नै अस्पष्ट बन्ने खतरा यहीँबाट सुरु हुन्छ । ठूला दलबीच भएको गठबन्धनले जन्माएको अपेक्ष १५ महिनामै धुलिसाथ भयो । भाद्र २३/२४ को विध्वंसमा परिणत भयो । संविधान अपहरण भयो ।

**७. जनविश्वासको क्षय र वैकल्पिक खोज :** राजनीतिक दलहरूको मूल्यांकन अन्ततः जनताले गर्ने हो । जब जनताले निरन्तर अस्थिरता, आन्तरिक विवाद र कमजोर शासन देख्छन्, उनीहरूमा पराम्परागत दलप्रति निराश पैदा हुन्छ । जनताले वैकल्पिक शक्ति खोज्न थाल्छन् । पछिल्लो समय देखिएको असन्तोष, वितृष्णा र नयाँ शक्तिप्रति आकर्षण यही प्रक्रियाको परिणाम हो । यो केवल भावनात्मक प्रतिक्रिया होइन; यो राजनीतिक प्रणालीप्रतिको आलोचनात्मक प्रतिक्रिया हो । अब सरकार शासन व्यवस्था कसरी अघि जान्छ ? त्यसैमा जनताको प्रतिक्रिया जाँचिनुपर्छ । यस्तो भाष्य तयार हुँदैछ । अहिले दलहरूले जनताको मुद्दा उठाउँदा वा खबरदारी गरिँदा पूर्वाग्रह हो भनिन्छ । यस्तो भाष्य संविधान र लोकतन्त्रका लागि सुखद नहुन सक्छ । जनतामा अर्को विद्रोह नहोस् भनी कामना गरिनुपर्छ ।

कम्युनिस्ट आन्दोलनको भविष्य यसले आफ्ना सिद्धान्त र व्यवहारबीचको दूरी कति घटाउन सक्छ भन्नेमा निर्भर हुनेछ ।

**८. निर्वाचन परिणाम र संगठनात्मक यथार्थ :** २०८२ को निर्वाचनमा कम्युनिस्ट पार्टीप्रति देखिएको कमजोर प्रदर्शन (जस्तो पराजय वा अपेक्षाभन्दा कम सफलता)लाई केवल चुनावी रणनीतिमा सीमित गरेर बुझ्न सकिँदैन । यसको जड संगठनात्मक विखण्डन, वैचारिक अस्पष्टता र जनआधारको क्षयमा खेजिनुपर्छ । आफ्नो आत्मागत स्थितिको मूल्यांकन गरेर अहिलेको निर्वाचन समीक्षा हुँदैन । चुनाव परिणाममात्र लक्षण हो । तर, पार्टीभित्रको रोग गहिरो छ । रोग निको पार्न सामान्य मेडिसिनले पुग्दैन, गम्भीर सल्यक्रिया आवश्यक छ ।

**९. सैद्धान्तिक विचलनको प्रश्न :** मार्क्सवाद-लेनिनवाद वा अन्य वामपन्थी धाराहरूको मूल उद्देश्य राष्ट्रिय हित, सामाजिक-आर्थिक समानता र शोषणमुक्त समाज समृद्धि निर्माण हो । जब आन्दोलन स्वयंभित्र शक्ति, पद र स्वार्थको द्वन्द्व हावी हुन्छ । त्यसले सैद्धान्तिक विचलनको संकेत गर्छ । विचारधारा केवल घोषणापत्रमा सीमित हुँदा व्यवहारमा त्यसको प्रभाव हराउँछ । आज कम्युनिस्टहरूले सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न चुकेका छन् । कम्युनिस्ट पार्टीप्रतिको जनताको अपेक्षा र विश्वास कमजोर भएको छ । आन्दोलनप्रति भरोसा हुँदाहुँदै मत परिवर्तन गरेर कम्युनिस्ट पारिटीलाई सबक सिकाएका छन् । सच्चिन अनुरोध गरेका छन् । खुलमखुला भन्दैछन्, नीति, नेतृत्व र संगठनमा पुनर्गठन गर तर ढिला नगर ।

**१०. पुनरुत्थानको सैद्धान्तिक आधार :** वर्तमान अवस्थाबाट बाहिर निस्कन कम्युनिस्ट आन्दोलनले केही आधारभूत प्रश्नहरूको सामना गर्नुपर्छ- के आन्दोलन अझै वर्गीय राजनीतिमा केन्द्रित छ ? कि केवल सत्तामा सीमित छ ? के संगठनभित्र वास्तविक लोकतन्त्र छ ? के नेतृत्व परिवर्तन र पुस्तान्तरण सम्भव छ ? के जनजीविकाका मुद्दामा ठोस कार्यक्रम छ ? पुनरुत्थानका लागि आवश्यक छ- सैद्धान्तिक स्पष्टता, संगठनात्मक अनुशासन, आन्तरिक लोकतन्त्र र जनतासँग प्रत्यक्ष सम्बन्ध । यसले मात्र आन्दोलनलाई पुनः विश्वसनीय बनाउन सक्छ ।

निचोडमा, नेपाली कम्युनिस्ट आन्दोलनको पछिल्लो दुरावस्था कुनै एक घटना वा व्यक्तिको परिणाम होइन । यो दीर्घकालीन प्रवृत्तिहरूको सञ्चित परिणाम हो । २०७४ सालको जनादेशले दिएको अवसर, २०७५ को एकताले सिर्जना गरेको सम्भावना र त्यसपछिका विभाजन तथा अस्थिरताले उत्पन्न गरेको निराशा यी सबै एकअर्कासँग जोडिएका छन् । वस्तुनिष्ठ रूपमा हेर्दा, मुख्य समस्या सत्ताकेन्द्रित, वैचारिक अस्पष्टता र संगठनात्मक कमजोरी हो ।

जबसम्म यी आधारभूत समस्याहरू समाधान हुँदैनन्, कुनै पनि चुनावी सफलता वा गठबन्धनले दीर्घकालीन परिवर्तन ल्याउन सक्दैन । अन्ततः कम्युनिस्ट आन्दोलनको भविष्य यसले आफ्ना सिद्धान्त र व्यवहारबीचको दूरी कति घटाउन सक्छ भन्ने कुरामा निर्भर हुनेछ । जनताको विश्वास पुनः प्राप्त गर्ने एकमात्र उपाय भनेको स्पष्ट विचार, जिम्मेवार व्यवहार र परिणाममुखी शासन हो ।

अन्नपूर्णपोष्ट

**सामाजिक सञ्जाल**

# अर्थमन्त्री स्वर्णीम वाग्लेलाई अनुरोध



**रविन्द्रनाथ शर्मा**

**पहिले अलिकति भूमिका:**

स्वर्णीम वाग्लेलाई मैले नजिकबाट चिनेको ३० वर्षभन्दा बढी भयो । उनले द्रुत गतिमा चढेको जिन्दगीको भर्याङको म निरन्तरको साक्षी हुँ ।

त्यतिबेला बालेनजी र रवीजीको उदय भइसकेको थिएन । म स्वर्णीमजीलाई बारम्बार भन्ने गर्थें "ली क्वान यूको "प्रजातान्त्रीक रूप" हुनसक्ने बहूआयामिक क्षमताले पूर्ण, नेपालमा मैले देखेको एकमात्र व्यक्ति तपाई हो ।" (अर्थमन्त्रीको पदको सम्मान स्वरूप मैले उनलाई यो सार्वजनिक टिप्पणीमा प्रत्यक्ष वचन प्रयोग गर्दा 'तपाईं'ले संवोधन गरेको हुँ । अन्यथा सानैदेखिको सम्वन्धका कारण 'तिमी' भन्ने गर्दछु ।)

उनी राजाले बनाइदिएको बुढानिलकण्ठ स्कूलमा पढेर 'प्रचण्डपथगामी' भए। म जनताले योगदान गरेर बनाएका डोटी र दार्चुलाका स्कूलमा पढेर 'पृथ्वीपथगामी' बनें ।

उनी सुशासनबाट देशको दिर्घकालीन हित सुनिश्चित हुन्छ भन्नेमा ढुक्क छन् । म सुशासनसँगै देशको शान्ति, स्थिरता, सम्मान तथा सामाजिक, धार्मिक, सांस्कृतिक एकताको प्रतिक राजसंस्थालाई पनि साथसाथै नलग्ने हो भने बदलिँदो विश्व भूराजनीतिमा नेपाल ३अस्तित्वकोसंकट उन्मुख हुनेछ भन्नेमा विश्वस्त छु । यो हाम्रो जीवनको छुट्टै पाटो हो ।

आज उनी अर्थमन्त्री बनेका छन्। उनले एउटा कार्यक्रममा भने: "नेपाली जनताविरूद्ध गरिएको त्यो स्तरको अपराध र लुट देख्दा मेरो शरिर काँप्छ।" त्यसो भन्दा उनको इमान र पीडा उनको आँखामा झल्किन्थ्यो ।

**अब मेरो "एकमात्र" अनुरोध:**

"नेपाली जनता विरूद्ध गरिएको त्यो स्तरको अपराध र लुट देख्दा 'तपाईंको शरिर काँप्छ।" तर शरिरमात्र होइन आत्मा नै काँप्ने अर्को एउटा गम्भिर विषय छ: नेपाली भूमी विरूद्ध गरिएको चरम अत्याचार देख्दा मेरो आत्मा नै काँप्छ ।

किनभने, सुशासन विग्रियो, शिक्षा/स्वास्थ्य/पर्यटन/कृषी नीति बिग्रियो भने, त्यसलाई सुधार्न सकिन्छ । गरिवी र विपन्नतालाई सुधार्न सकिन्छ । जब भू-उपयोग नीत बिग्रिन्छ, एकाध अपवादबाहेक, त्यसलाई सदियौँसम्म सुधार्न सकिँदैन ।

हाम्रो शहरीकरण, वस्ती व्यवस्थापन र भू-उपयोग सबै नीति बर्बाद छ। आजभन्दा ३० वर्षपछि काठमाडौं उपत्यका र देशका ठूला शहरको हाल के होला? गरिवको सुकुम्वासी वस्ती हटाएजस्तो सजिलो हुँदैन "धनीहरूको सुकुम्वासी वस्ती (अर्थात बिग्रिएको शहर)" हटाउन। यो संसारभरीकै यथार्थ हो ।

यहाँ मैले बढी व्याख्या गर्न चाहिन *as you have travelled the world and you know it far better than me.*

यत्तिमात्र भन्छु: नेपालको लागि सुहाउँदो बैज्ञानिक शहरीकरण, वस्ती व्यवस्थापन र भू-उपयोग नीत निर्माण गर्न तपाईंहरूलाई समय लाग्छ। यो वर्षको बजेटमा तपाईंलाई अर्थतन्त्रको उद्वेलनका लागि रुगर्न मन लागेका धेरै काम होलान्। सार्वजनिक शिक्षा/स्वास्थ्य र गरीवहरूका लागि गर्नु पर्ने कयौं काम होलान् ।

अर्थतन्त्र उद्वेलित पनि होला, मध्यमवर्गको विस्तार होला, गरिवी घट्ला, शहरहरूको विकास होला -- तर शहरहरूमा मान्छेले सास फेर्न नसक्ने स्थिति भयो भने के गर्ने? जबकी नेपालमा मात्र होइन संसारभरी शहरीकरण तिब्ररूपमा बढीरहेछ। नेपालमा गाउँहरू खाली हुन थालिसके ।

त्यसैले, अहिले नै बढी केही गर्न नसके पनि, खासगरी हाम्रो पुस्ताले छियाछिया पारेको राजधानी शहर, काठमाडौं उपत्यकामा, कम्तिमा हरेक ३/४ किलोमिटरको अन्तरमा रङ्गशालाको आकारको जमिन चरणवद्धरूपमा अधिग्रहण गरेर त्यसलाई केटाकेटी तथा युवाहरूको खेल मैदान बनाउन/पार्क बनाउन बजेट मैं व्यवस्था गर्नुहोस् भन्ने मेरो अनुरोध छ । सरकारले जग्गा अधिग्रहण गर्दा जहिले पनि बजारमा चलेको भन्दा केही बढी मूल्य दिनुपर्ने हुन्छ। त्यति भयो भने सामान्यतया जग्गा अधिग्रहणमा कुनै समस्या हुँदैन। जग्गा अधिग्रहणसम्वन्धी कानून त संभवत: तपाईंहरूले अध्यादेशमार्फत संसोधन गरिसकेको हुनुपर्छ ।

त्यति नगर्ने हो भने अबको ३० वर्षमा यो विशिष्ट ऐतिहासिक, धार्मिक, सांस्कृति, पर्यटकीय महत्व बोकेको राजधानी शहरमा मानिसहरू बस्नै नसक्ने स्थिति सृजना हुनेछ। यो पूर्णत: अव्यवस्थित कंक्रिटको जङ्गल बन्नेछ । यो वर्ष तपाईंले ल्याउने बजेट, अनेकौं सिमितताहरूका अलावा, नेपालको इतिहासमैं आमूल परिवर्तनकारी कोशेढुङ्गा हुनेछ भन्ने मैले विश्वास राखेको छु । यो सन्देश अर्थमन्त्रीसम्म पुगोस् भन्ने चाहेको छु ।

## पशुपति गौशाला धर्मशालाको जग्गा कोषकै हुने उच्चको फैसला

**काठमाडौं/** उच्च अदालत पाटन ले काठमाडौं जिल्ला अदालत को फैसला सदर गर्दै पशुपति गौशाला धर्मशालाको जग्गा पशुपति क्षेत्र विकास कोष कै स्वामित्वमा रहने ठहर गरेको छ। यससँगै लामो समयदेखि मारवाडी सेवा समिति ले प्रयोग गर्दै आएको उक्त जग्गा खाली गर्नुपर्ने भएको छ ।

सोमबार न्यायाधीशद्वय खड्गबहादुर केसी र रमेशप्रसाद ज्ञवालीको इजलासले जिल्ला अदालतको अघिल्लो निर्णयलाई कायम राख्दै समितिको मोहियानी हक नलाग्ने निष्कर्ष निकालेको हो । यसअघि काठमाडौं जिल्ला अदालतले पनि साविक पशुपति पञ्चायत वडा नं २ अन्तर्गतका कित्ता नम्बर ८३ र ८५ मा रहेको करिब नौ रोपनी जग्गामा समितिको मोही हक नपुग्ने ठहर गरेको थियो ।

मारवाडी सेवा समितिले करिब २५ वर्षदेखि उक्त धर्मशाला क्षेत्र प्रयोग गर्दै व्यापार व्यवसाय सञ्चालन गर्दै आएको थियो । जिल्ला अदालतको फैसलापछि समितिले २०८१ मङ्सिर २१ गते उच्च अदालतमा पुनरावेदन दायर गरेको थियो । तर उच्च अदालतले पनि सो दाबीलाई अस्वीकार गर्दै कोषको स्वामित्व कायम गरेको हो ।

अदालतको फैसलामा धर्मशालाको जग्गामा समितिको मोही हक भएको पुष्टि हुने ठोस प्रमाण पेश हुन नसकेको उल्लेख गरिएको छ। साथै, विगतका अभिलेख र सम्झौताहरूले पनि उक्त जग्गा गुठी अन्तर्गतको रहेको र समितिलाई सञ्चालनका लागि मात्र अनुमति दिइएको देखिएको जनाइएको छ ।

कोषका पूर्व सदस्य सचिव डा. मिलनकुमार थापाले यो फैसला पशुपतिनाथको सम्पत्ति संरक्षणका लागि महत्वपूर्ण उपलब्धि भएको बताएका छन् । उनका अनुसार अब उक्त जग्गा धार्मिक तथा सामाजिक कार्यका लागि गैरनाफामूलक ढंगले सञ्चालन गर्न सकिनेछ। काठमाडौं महानगरपालिकासँगको सहकार्यमा भक्तजनका लागि सेवा विस्तार गर्ने योजना अघि बढाउन सकिने पनि उनले बताए ।


अधिवक्ता कृष्णमुरार पुडासैनीका अनुसार दुई तहका अदालतबाट कोषकै पक्षमा फैसला भइसकेकाले समितिले पुनः अपिल गर्ने सम्भावना न्यून छ । अब धर्मशाला खाली गराउने प्रक्रिया अघि बढाउन सकिने उनले बताए ।

इतिहासअनुसार, विसं १९९९ मा पशुपतिनाथ क्षेत्रमा नन्दी संरक्षणका लागि केही जग्गा उपलब्ध गराइएको थियो। पछि उक्त क्षेत्र विस्तार हुँदै धर्मशाला सञ्चालनमा आएको भए पनि मोही हकको विषयमा स्पष्ट प्रमाण नदेखिएकाले अदालतले कोषकै स्वामित्व कायम गरेको हो ।

## स्वास्थ्य

# मिर्गौलाको समस्या पत्ता लगाउनु अघि गरिने तीन परीक्षण

✍ डा. रविनबहादुर बस्नेत
प्रमुख कन्सल्टेन्ट यूरोसर्जन



**मिर्गौला रोगः एक परिचय –**
मानव शरीरमा मिर्गौला २ वटा हुन्छन्। एउटा मिर्गौलाले राम्रोसँग काम गरेसम्म मानिसलाई खासै समस्या पर्दैन। दुईटै मिर्गौला नबिग्रिएसम्म मानिसलाई थाहा समेत नहुन सक्छ। नियमित स्क्रिनिङ गरेर मिर्गौलाको अवस्था कस्तो छ भन्ने थाहा पाउन सकिन्छ।
यदि अत्यधिक मात्रामा स्याँ-स्याँ हुन्छ, जीउ तथा अनुहार फुलेको जस्तो लागेमा, पिसाब कम हुँदै गएमा, पिसाबको रंग परिवर्तन भएमा, पिसाबमा अत्यधिक मात्रामा फिँज आउने जस्ता लक्षण देखिएमा मिर्गौला रोगको शंका गर्न सकिन्छ। यस्तो लक्षण देखिएका मानिसले एक पटक चिकित्सकलाई भेट्नुपर्ने हुन्छ। मिर्गौला समस्या आए/नआएको थाहा पाउन आवश्यक यी तीन परीक्षण :

**पिसाबको रुटिन परीक्षण :**
कम्तीमा वर्षको एक पटक तथा समस्या देखिएमा तत्कालै पिसाबको रुटिन परीक्षण गरेमा मिर्गौला रोग पत्ता लगाउन सकिन्छ। रुटिन परीक्षणले मिर्गौला सम्बन्धी विभिन्न रोगहरूका बारेमा जानकारी पाउन सकिन्छ।
यसबाट पिसाबको रंग अनुसार कस्तो समस्या छ तथा पिसाबमा प्रोटिनको मात्रा कति छ भन्ने थाहा पाउन सकिन्छ। सामान्यतया पिसाबमा प्रोटिन हुनु हुँदैन। त्यस्तै, यो परीक्षणबाट पिसाबमा सुगरको मात्रा भए/नभएको पनि थाहा पाउन सकिन्छ। सामान्यतया पिसाबमा सुगर पनि हुनु हुँदैन।

**रगतको परीक्षण अर्थात् रेनल फंक्शन टेस्ट :**
यस परीक्षणमा युरिया, क्रिएटिनिन, सोडियम तथा पोटासियम परीक्षण गरिन्छ। यो परीक्षण वर्षमा एक पटक गर्न मेरो सुझाव छ।
यदि मिर्गौलाले राम्रोसँग काम नगरेको अवस्थामा युरिया तथा क्रिएटिनिनको मात्रा बढ्दै जान्छ। युरिया तथा क्रिएटिनिनको मात्रा बढी आएमा रोग निदानतर्फ अगाडि बढ्नुपर्ने हुन्छ। त्यसबाहेक, मिर्गौलाले राम्रोसँग काम गरेको अवस्थामा हाम्रो शरीरमा नुनको मात्रालाई सन्तुलनमा राख्ने गर्छ।
सोडियम तथा पोटासियमको परीक्षणले हाम्रो शरीरमा नुनको मात्रा सन्तुलनमा भए/नभएको थाहा पाउन सकिन्छ।

**अल्ट्रासाउन्ड :**
अल्ट्रासाउन्ड नगरेसम्म हाम्रो एउटा मात्रै मिर्गौलाले काम गरे पनि थाहा नहुन सक्छ। अल्ट्रासाउन्डले मिर्गौलाको आकार, मासुको अवस्था, बाटो खुलेको छ/छैन, नलीमा ढुंगा वा मासु पलाएको छ/छैन, पुरुषहरूमा प्रोस्टेट बढेको छ/छैन भन्ने जानकारी दिन सक्छ।
रुटिन परीक्षण बाहेक, जो मानिसहरूमा अत्यधिक मात्रामा स्याँ-स्याँ बढेको छ, शरीर सुनिएको छ, वा परिवारका अग्रजहरूमा मिर्गौलाको समस्या छ, त्यस्ता व्यक्तिहरूले मिर्गौलाको स्क्रिनिङ गराउन आवश्यक हुन्छ।

**युवा अवस्थामा नै मिर्गौला फेलको समस्या**
मिर्गौलाको धेरै काममध्ये एक महत्वपूर्ण काम पिसाब बनाउनु हो। पिसाब बनाउने क्रममा शरीरमा रहेका विकारहरू पिसाबको माध्यमबाट बाहिर फालिन्छन्। विकार फाल्न नसकेमा मिर्गौलामा समस्या आउँछ। पछिल्लो समय युवा अवस्थामा नै मिर्गौला बिग्रनुको प्रमुख कारण खानपान शैलीमा आएको व्यापक परिवर्तन हो।
त्यस्तै, अत्यधिक परिश्रम गर्ने, पानी कम पिउने, मद्यपान र धुम्रपानले पनि मिर्गौला फेल गराउन सक्छ। यसका साथै नुन धेरै भएको खानेकुरा, रातो मासुको अत्यधिक प्रयोग तथा जंक फुडको सेवन पनि मिर्गौलाका लागि फाइदाजनक हुँदैन।

**मिर्गौला रोग लाग्न नदिन**
**कस्तो खानपान शैली अपनाउने ?**
दैनिक कम्तीमा पनि ३ लिटर पानी पिउने, धुम्रपान तथा मद्यपान नगर्ने, रातो मासुको धेरै प्रयोग नगर्ने, अत्यधिक मात्रामा नुनको सेवन नगर्ने, जंक फुडको धेरै प्रयोग नगर्ने, धेरै मसालेदार खानेकुराको सेवन नगर्ने, बियाँ धेरै भएका खानेकुराको बढी प्रयोग नगर्ने लगायतका बानीले मिर्गौला रोग लाग्नबाट जोगिन सकिन्छ।

# ज्योतिषीय दृष्टिमा २०८३ः अवसर र चुनौती दुवै





**दमक/** ज्योतिष शास्त्रीय दृष्टिले नववर्ष २०८३ समग्रमा शुभ फलदायी रहने भए पनि विभिन्न उतारचढावसहितको वर्ष रहने ज्योतिषविद्हरूले बताएका छन्। धार्मिक, सांस्कृतिक पत्रकार समाज नेपाल (रेक्जोन) द्वारा आयोजित कार्यक्रममा विज्ञहरूले यस वर्ष आठ शुभ ग्रह र दुई अशुभ ग्रह (सूर्य र मंगल) को प्रभाव रहने उल्लेख गरेका छन्।

विश्व ज्योतिष महासङ्घ राष्ट्रिय समिति नेपालका सभापति देवराज गौतमका अनुसार लग्नेश चन्द्र र राहु अष्टम स्थानमा रहेकाले विश्वस्तरमै अस्थिरता र तनाव बढ्ने संकेत देखिन्छ। यसको प्रभाव नेपालमा पनि पर्ने र आर्थिक, सामाजिक क्षेत्रमा आरोह–अवरोह आउने उनले बताए। विश्व शक्तिराष्ट्रबीच प्रतिस्पर्धा बढ्ने, युद्ध र रोगव्याधिको जोखिम रहने तथा महिला हिंसाका घटनामा वृद्धि हुन सक्ने उनको भनाइ छ।

त्यस्तै, विकसित देशहरूको मुद्रा बलियो हुने र कमजोर राष्ट्रहरूको आर्थिक अवस्था अझ कमजोर बन्ने सम्भावना रहेको पनि औँल्याइएको छ। यद्यपि, मंगल भाग्यस्थानमा भएकाले प्रविधि र औद्योगिक क्षेत्रमा केही प्रगति हुने संकेत देखिएको छ। कला र सञ्चार क्षेत्रमा पनि सकारात्मक उपलब्धि हुने अनुमान गरिएको छ। संहिताशास्त्री अर्जुनप्रसाद बास्तोलाले भने २०८३ साललाई 'दारूण काल' को निरन्तरता भन्दै सतर्क रहनुपर्ने बताएका छन्। उनका अनुसार खप्पर योगका कारण विश्वमा द्वन्द्व र अस्थिरता बढ्न सक्छ। राष्ट्रिय महिला ज्योतिष संघकी सचिव सुधा भट्टराईले मंगलको प्रभावले विवाद र अशान्ति बढ्न सक्ने भए पनि यसले परिवर्तन र विकासको अवसर पनि ल्याउने बताइन्।

ज्योतिषविद् शिवप्रसाद पोखरेलले राजनीतिक अस्थिरता, शासन परिवर्तन र प्राकृतिक विपत्तिको जोखिम औँल्याउँदै विशेष सतर्कता अपनाउन आग्रह गरेका छन्। समग्रमा २०८३ साल चुनौती र अवसर दुवै बोकेको वर्षका रूपमा रहने निष्कर्ष निकालिएको छ।

# चरन क्षेत्रमा यसरी विकास भयो आकर्षक अन्तु पोखरी



**ईलाम/** इलामको अन्तु पोखरी चार दशकअघि भैंसी चरन क्षेत्र थियो। विसं २०४० सम्म यहाँ स्थानीयले भैंसी चराउँथे, वरिपरि न घर थियो न जङ्गल, र दिउँसै सुनसान अन्धकार जस्तो हुन्थ्यो। अहिले भने त्यही ठाउँ रातिसम्म उज्यालो रहने व्यस्त पर्यटकीय केन्द्र बनेको छ।

२०४० सालमा कृष्णप्रसाद भट्टराई जिल्ला पञ्चायत सभापति थिए। जिल्ला पञ्चायतले २० हजार दिएपछि पोखरी संरक्षण अभियान सुरु भएको यसको विकासका लाग्दै आएका स्थानीय खगराज घिमिरेले बताए। उनका अनुसार २०५९ मङ्सिर २७ गते जिल्ला प्रशासन कार्यालयमा अन्तु पर्यटन विकास केन्द्र संस्था दर्ता भए पछि भने यसको संस्थागत विकास शुरु भएको हो। त्यही संस्थाको नेतृत्वमा २०६२/६३ सालतिर नेपाल सरकारले ५५ हजार र पछि एक लाख ७० हजार बजेट दियो। त्यसले पर्खाल लगाउने र पानी जमाउने थप काम भएको उनले बताए।

सङ्घीयतापछि सूर्योदय नगरपालिका ले अन्तुको पूर्वाधार विकासमा करिब पाँच करोड लगानी गरेको छ। ट्र्याक निर्माण, बत्ती जडान, सडक विस्तार र भ्यू टावर सुधारले पर्यटक आकर्षण बढेको छ। अहिले यहाँ दिनहुँ ८०० देखि २००० सम्म पर्यटक आउँछन्, होटल, होमस्टे र कटेजहरू सञ्चालनमा छन्, जसले सयौँलाई रोजगारी दिएको छ।


अन्तु क्षेत्रको मुख्य आकर्षण बोटिङ, फिसिङ, होमस्टे, घोडचढी र अन्तुडाँडा बाट देखिने सूर्योदय हो। कन्यामबाट करिब ११ किमि दूरीमा रहेको यो स्थानमा सडक सुविधा राम्रो छ। भदौदेखि वैशाखसम्म सूर्योदय हेर्न उपयुक्त समय मानिन्छ। यहाँ तत्कालीन सभामुख सुवासचन्द्र नेम्बाङले परेवा उडाएर पोखरीमा डुङ्गा सञ्चालन सुरु गरेका थिए, जुन पर्यटक आकर्षणको मुख्य विषय पनि बन्यो। सङ्घीयतापछि स्थानीय सरकारको नजर अन्तुमा पर्‍यो। नगरपालिकाले अन्तुपोखरी र अन्तुडाँडाको पूर्वाधार विकास, संरक्षण र सौन्दर्यीकरणमा करिब रु पाँच करोड खर्च गरिसकेको पूर्वप्रमुख रणबहादुर राईले बताए।

अन्तुबाट हिमशृङ्खला, चियाबारी र भारतका दार्जिलिङ, मिरिक, सिलिगुडीसम्मका दृश्य देखिन्छन्। तराई तथा भारतबाट गर्मी छल्न आउने पर्यटकका लागि यो चिसो र रमणीय गन्तव्य बनेको छ। स्थानीय सरकारले पर्यटनलाई नै आर्थिक समृद्धिको मुख्य आधार मानेर अन्य क्षेत्रको समेत विकास गर्ने योजना अघि बढाएको छ। यहाँ नेपालकै विभिन्न जिल्ला र भारतको पश्चिम बङ्गालबाट बढी पर्यटक आउँछन्। कतिपय स्कुलका विद्यार्थी समूहसमेत अध्ययन भ्रमणमा यहाँ आउने गरेका छन्। सूर्योदय नगरपालिकाले पर्यटनबाट नै आर्थिक समृद्धि खोजिरहेको कार्यवाहक नगरप्रमुख दुर्गा कुमार बरालले बताए। अन्तु घुम्न आउने पर्यटक अहिले अन्तुपोखरीको सेरोफेरोमा घण्टौं बिताउन थालेको व्यवसायी बताउँछन्। अन्तु पर्यटन व्यवसायी सङ्घका अध्यक्ष रुद्र घिमिरे अहिले पर्यटक आउने 'फ्लो' बढेको बताउँछन्। दिनमा ८०० देखि दुई हजारसम्म पर्यटक आउने गरेको उनले बताए।

# नेपालमा अमूर्त संस्कृतिको



डा. प्रेम खत्री




## एकताको प्रतीक गोरखा र अनेकताका स्वरहरू

**गोरखाको गरिमा :**
मुलुकमा, समाजमा आउने राजनीतिक परिवर्तनका विविध कारण, प्रक्रिया तथा प्रभावहरु हुन्छन्। नेपालमा २०६३ को जनआन्दोलन भाग २ ले हम्केको ठुलो बतासले संवैधानिक र ाजतन्त्र विदा भयो र मुलुकमा गणतन्त्रको बाटो खुला भयो। तर हामी नेपालको इतिहासका विद्यार्थीले बिर्सन नहुने तथ्य के हो भने २५० वर्ष पहिले नेपालमा त्यस राजतन्त्रको स्थापना हुँदा त्यसका पनि कारक तत्त्व थिए र प्रक्रिया पनि। एकापसमा शत्रुताभाव बोकेर घरिघरि आपसमा लड्दै भिड्दै र घरनिरको थुम्कोबाट छिमेकी शत्रु आफुतिर बढ्दै गरेको वा समय पर्खेर बसेको हेर्दै राम्ररी नखाई, आराम नगरी, ननिदाई आक्रमण गर्ने वा खप्ने साइत हेरेर बस्ने धेरै भुरेटाकुरे ससाना खाले सामन्ती शासकहरु मध्यकालको नेपालमा छरिएर रहेका थिए। अहिले सबैलाई दिक्क लगाउने, नाम लियो कि झौंक चल्ने त्यो राजतन्त्र भन्ने संस्थाले सशक्त नेतृत्व लिएर नै ती केही दर्जनको सत्यामा वर्तमान नेपाल सरहदमा रहेका राज्यहरु मिलाएर नेपालको एकीकरण गरेको थियो। यो कुरा बिसेजस्तो गर्न सहज भए पनि दुक्कै बिर्सन भने अलि लामै समय र केही पुर्खा बित्नुपर्ने हुन्छ।

त्यसैगरी नेपालमा नेपाली काङ्ग्रेस, एमाले, माओवादी लगायतका विभिन्न साना ठुला दलका उदय र विकासका पनि प्रक्रियाहरु थिए।

एकिकरणपूर्वको नेपालमा सामन्तीप्रथा हाबी यियो। अहिले पनि हाम्रो परम्परावादी समाजमा त्यसको तुस जीवितै छ। एकातिर जनतामा गरिबीको मार छँदैछ आर्कोतिर हाम्रा गाउँघरका मध्यकालका भुरेटाकुरे राजाजस्ता सिमित सङ्ख्यामा रहेका सम्पन्न वर्गले ती गरि बीको मार झेल्नेमाथि झनै विविध कर्तुत गरी अन्याय खपेर बस्न बाध्य गरेको स्थिति रहेको हो। सरकारले पनि त्यस्तामाथिको दमन रोक्न कुनै गतिला कानुन बनाएन, अझै बनाएको छैन। नेपालको यस्तै अर्द्धसामन्ती सामाजिक आर्थिक वातावरणको पृष्ठभूमिमा माओबादको जन्म र विकास भएको हो।

अस्तव्यस्त र टुक्रिएको अवस्थाको नेपालको एकीकरणमा गोरखाका शाहवंशीय शासकहरूले खेलेको भूमिकालाई लिएर अहिले विविध टीका-टीप्पणी हुने गरेका छन्। त्यसबेलाका घटनाक्रमले त्यो नेतृत्व अर्कै कुनै बाइसी चौबिसी शासक घरानालाई दिएको भए ? वा नेपाल लामो समयसम्म एकीकृत नभई पचासौँ थान भुरे-टाकुरेका हातमा रहिरहन सक्थ्यो के? त्यस्तो अवस्थामा अफ्रिका वा अन्य देशमा जस्तो लडाका जत्थाको उदय भएको भए? वा हामीले कसैको उपनिवेश हुनु परेको भए? यी विभिन्न प्रश्न उठ्न सक्छन्। क्रमशः

## जानकारी

# गुणैगुणले भरिपूर्ण मुला



आयुर्वेदका अनुसार मुला स्वास्थ्यका लागि धेरै फाइदाजनक छ। विशेता मुला नेपाली समाजमा अचारको रूपमा बढी प्रयोग गरिन्छ। साथै मुलालाई परौठा तथा तरकारीका रूपमा पनि प्रयोग गरिन्छ। अझ मुलालाई सलादका रूपमा प्रयोग गर्नाले हामीलाई पेट सम्बन्धि समस्यामा कमि आउँछ।

बिज्ञानका अनुसार मुलामा फाइटोकेमिकल्स र एंथोक्यानिस नामक तत्व पाइने हुनाले यसले क्यान्सरको जोखिम समेत कम गर्ने स्वास्थ्यविज्ञको भनाई छ। साथै यसले सुगरको लेवल बढ्नबाट रोक्ने काम समेत गर्दछ। त्यस्तै मुलामा पाइने भिटामीन सीले रोग प्रतिरोधकको काम समेत गर्दछ।

मुला खाँदा ब्लड प्रेसर नियन्त्रण हुने बताइएको छ। मुलामा एन्टी हाइपरटेंसिव गुण पाइने हुनाले यसले उच्च रक्तचाप नियन्त्रण गर्नमा सहायक भूमिका खेल्छ। मुलामा प्रयाप्त मात्रामा पोटासियम समेत हुनाले यसले शरीरमा मेसोडियम र पोटासियमको अनुपातको ब्यालेन्समा राख्नुका साथै ब्लड प्रेसर सहि राख्ने स्वस्थ्य विज्ञको सुझाव छ।

चिसो र खोकीको समस्या भइरहने मानिसका लागि आफ्नो खानामा मुला समावेश गर्दा फाइदा हुन्छ। मुलामा एन्टी कन्जेस्टिव गुण पाइने हुनाले यसले कफ हटाउनमा सहयोग गर्दछ।

मुला मिर्गौलाका लागि पनि बहुउपयोगी मानिन्छ। शरीरमा रहेको विषाक्त पदार्थ बाहिर निकाल्न काम गर्दछ। यसलाई नेचुरल क्लिंजर पनि भनिन्छ। साथै मुलामा पाइने फाइबर तत्वले कब्जियतका समस्या हुनेहरूका लागि अत्यन्तै फाइदाजनक हुने र पाचन प्रक्रिया पनि राम्रो हुने बताइन्छ।

मुलामा पर्याप्त मात्रामा फाइवरले पाइने हुनाले यसमा रहेको तत्वले इन्सुलिन नियन्त्रण गर्ने काम गर्दछ। मुलाले सुगर लेवल नबढाउने हुनाले मधुमेह रोगीका लागि फाइदाजनक हुन्छ। आधुनिक जीवनशैलीका कारण मानिसहरू जंकफुड, चिल्लो, पिरो, तारेको तथा भुटेको खानेकुरातिर आर्कषित बन्दै गएका छन्। खानामा मुलाको प्रयोगले पाइल्सको समस्या कम गर्छ। कब्जियतका कारण पनि पाइल्स हुने गर्छ। मुलामा डिटक्सिफाइङ्ग गुण हुन्छ जसले पाचन प्रणालीलाई चुस्त बनाई कब्जियत हुने समस्याबाट राहत प्रदान गर्छ। त्यसैले पनि पाइल्स हुने व्यक्तिलाई चिकित्सकहरू मुला वा मुलाको जुस सेवन गर्न सल्लाह दिने गर्दछन्। यस्तै मुलामा ननडाइजेस्टिबल कार्बोहाइड्रेट भरपुर मात्रामा पाइन्छ तौल कम गर्नमा लाभदायक मानिन्छ। त्यसबाहेक, मुलामा क्यालोरीको मात्रा ज्यादै न्युन हुन्छ र यसले शरीरको ˆ याटलाई एकत्रित हुनबाट रोक्ने काम गर्छ।




आज मिति
२०८३ साल
वैशाख २३ गते
बुधबार
06 May 2026
तिथिः पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । पारिवारिक मेलमिलाप । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | अध्ययनमा भने रुचि बढ्ने। आर्थिक उन्नति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मन प्रशन्न रहला । अँटेका कामहरु बन्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | आय स्रोत बढेर जाला । शैक्षिक क्षेत्रमा प्रगति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आर्थिक पक्ष सुधार भ्रमणको योग देखिन्छ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पराक्रम बढ्ने । मित्रहरुबाट भरपुर सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | धर्मकर्ममा रुचि बढेर जाला । धोकेवाजहरुदेखि सावधान । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शरीरमा कष्ट । आर्थिक लाभ हुने देखिन्छ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आफन्तमा मनमुटाव होला । ब्यापार व्यवसायबाट लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | लेनदेनमा सतर्कता अपनाउनु होला । पढाई लेखाईमा मन जाला । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आर्थिक पक्ष खस्कँदो । मित्रहरुबाट सहयोग कम। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | परिश्रम अनुसार फल प्राप्तीमा कठिनाई, मनमा भने उत्साह । |

# मकालु गापमा इलाका प्रशासन कार्यालय स्थापना

**संखुवासभा/** यहाँस्थित मकालु गाउँपालिका-३ हेदाङ्नागढीमा इलाका प्रशासन कार्यालय स्थापना भएसँगै स्थानीय बासिन्दामा खुसी छाएको छ । अब संखुवासभाका भोटखोला र मकालु गाउँपालिकाका नागरिकले सामान्य प्रशासनिक सेवा लिनका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता अन्त्य भएको छ ।

यसअघि नागरिकता, सिफारिस, बसोबास प्रमाणपत्र लगायतका अत्यावश्यक कागजातका लागि दिनहुँ लगाएर सदरमुकाम पुग्नुपर्ने अवस्था थियो। तर अब आ ँनै क्षेत्रमै सेवा उपलब्ध हुन थालेपछि समय, खर्च र श्रमको बचत भएको स्थानीयको भनाइ छ ।

स्थानीय बासिन्दा राईमान राईका अनुसार, पहिले सानो कामका लागि पनि सदरमुकाम जानुपर्थ्यो, अहिले आ ँनै घर नजिकै सेवा पाइने भएकाले धेरै सहज भएको छ ।

सरकारले दुर्गम क्षेत्रका नागरिकलाई सहज सेवा प्रदान गर्ने उद्देश्यले इलाका प्रशासन कार्यालय विस्तार गर्ने नीतिअनुसार हेदाङ्नागढीमा पनि कार्यालय स्थापना गरिएको हो। इलाका प्रशासन कार्यालयका प्रमुख जुनकुमार राईले सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता जनाए । ११ पुस २०८२ मा मन्त्रिपरिषद्ले उक्त कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार हाल कार्यालय सञ्चालनमा आएको हो । कार्यालयको उद्घाटन प्रतिनिधिसभा सदस्य डा. अर्जुनकुमार कार्की, प्रदेशसभा सदस्य राजेन्द्र कार्की तथा प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले सोमबार संयुक्त रुपमा गरेका थिए ।

### *प्रणाली....*

बनाउन सक्ने पनि दाबी गरेका छन् । अब नियुक्ति, सरुवा र बढुवाको आधार दलगत निकटता नभई विधि, क्षमता र दक्षता बन्नुपर्नेमा उनको जोड छ। नागरिकको चाहनाअनुसार अध्यादेशमार्फत विकृति हटाउने प्रयास भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले यसमा सबैको साथ रहने विश्वास व्यक्त गरेका छन् ।

### *सरकार....*

एक पटक त फिर्ता गरे । तर सरकारले टेरेन, फेरि उनैतर्फ पठाई दिएको थियो । त्यसलाई राष्ट्रपतिले अनुमोदन गरेका हुन् । अध्यादेश जारी भएसँगै सरकारलाई संवैधानिक परिषद् मार्फत सरकार अनुकुल आवश्यक निर्णय लिन र नियुक्तिहरू अघि बढाउन कानुनी बाटो खुला भएको छ। यसले लामो समयदेखि रोकिएका संवैधानिक निकायका पदपूर्ति प्रक्रिया समेत तीव्र हुने अपेक्षा गरिएको छ। यस अघि राजनीतिक नियुक्तिहरुमा झाडु लगाई सकेका प्रधानमन्त्रीले अब संवैधानिक नियुक्तिहरुमा पनि 'झण्डै दुइ तिहाई झल्कने गरि' काम अघि बढाउने अपेक्षा गरिएको छ ।

**परिषदले के गर्छ ?**

संवैधानिक परिषद मुलुककै शिर्ष 'भीभीआईपी'हरु रहने उच्च स्तरको संयन्त्र हो । तर यहाँबाट हुने हरेक निर्णयको जस र अपसज सरकारले पाउँछ र त्यसको नेतृत्व प्रधानमन्त्रीले गर्छन् । त्यसैले प्रधानमन्त्री तथा सरकारको अनुकुलताका लागि संवैधानिक परिषद सम्वन्धि अध्यादेश ल्याएर आफु अनुकुल निर्णय गराउने प्रयास विगतमा पनि भएका थिए ।

मुलुकको न्यायपालिकाको प्रमुख हुने प्रधानन्यायाधीशदेखि यी र यस्तै निकायमा गर्नुपर्ने संवैधानिक नियुक्तिमा सरकार हावी नहोस् भनी संविधानमा नै संवैधानिक परिषद्को परिकल्पना गरिएको हो । प्रधानमन्त्रीदेखि प्रधानन्यायाधीश, सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष, विपक्षी दलको नेता रहने परिषद्ले ती संवैधानिक पदाधिकारीहरूको नाम सिफारिस गर्छ, अनि संसदीय सुनुवाइबाट अनुमोदन भएपछि उनीहरूको नियुक्ति हुन्छ । त्यसैले पनि हरेक सरकार प्रमुख आफु अनुकुलको निर्णय गराउन यहाँ बहुमत बनाउन चाहन्छन् । त्यसैले यस अघि पनि पटक पटक अध्यादेश ल्याउँदै आफु अनुकुल निर्णयको वातावरण बनाउने प्रयास गरिए । तर पटक पटक राष्ट्रपतिले यहि अध्यादेशमा आफ्नो अडान राख्दै आएका छन् ।

छ सदस्यीय उक्त संयन्त्रभित्र कहिल्यै आफ्नो बहुमत नपुग्ने र बारम्बार आफू अल्पमतमा पर्ने अवस्था बनेपछि अनुकूल बनाई विभिन्न व्यक्तिहरू सिफारिस गर्न विभिन्न समयका प्रधानमन्त्रीहरूले बारम्बार अध्यादेश ल्याउने गरेका छन् । अहिलेको सरकारले पनि ति पुरानै अभ्यासहरुको अनुशरण गरेको मात्रै हो, नयाँ खास केहि होईन । सरकारलाई अध्यादेश ल्याउने सुविधा छ, त्यो सुविधाको उपयोग मार्फत सरकारले अध्यादेश जारी गर्दै आफ्नो 'पर्फमेन्स' देखाउँदै आएको छ । संसदमा आफ्नै निकटको दुई तिहाई भए पनि संसदीय प्रकृया पूरा गर्दा देश बनाउन ढिला हुने र बालेन बेगमा गतिरोध हुने भएकाले सरकारले संवैधानिक व्यवस्था अनुसारनै आह्वान भई सकेको संसद अधिवेशन रोकेर अध्यादेश मार्फत काम गर्दै आएको छ ।

**पारित भएका अध्यादेश**

बालेन शाह नेतृत्वको रास्वपाको एकल सरकारले ८ वटा अध्यादेश ल्याएको थियो । ति सबै पारित भएका हुन् । संवैधानिक परिषद अध्यादेश, केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, विश्‍वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण (तेस्रो संशोधन) अध्यादेश, सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, सहकारी (पहिलो संशोधन) अध्यादेश जारी भएको हो ।

## कांग्रेसभित्र संवादको पहल

दमक/ गगन थापाले पार्टीभित्रको आन्तरिक विवाद समाधान गर्न असन्तुष्ट नेताहरूसँग संवाद थालेका छन्। उनले शेरबहादुर देउवा र शेखर कोइराला सँग छुट्टाछुट्टै छलफल अघि बढाएका हुन् ।

थापाले मंगलबार विशालनगर स्थित सम्पर्क कार्यालयमा कोइरालासँग करिब एक घण्टा वार्ता गरेका छन्। त्यस्तै, थापाले पूर्णबहादुर खड्कासँग पनि भेटवार्ता गरेका छन् ।

देवराज चालिसेका अनुसार पार्टीले आन्तरिक विवाद समाधानको जिम्मेवारी सभापतिलाई दिएको छ र सोहीअनुसार संवाद प्रक्रिया अघि बढाइएको हो ।

### *भूमिहीन....*

जग्गा पहिचान र वितरणका लागि अलग-अलग आयोग गठन गर्ने व्यवस्था थियो ।

नयाँ संशोधनले जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने भूमिहीन दलित र सुकुम्बासीलाई स्थानान्तरण गर्ने व्यवस्था थप गरेको छ । नदी किनार, ताल तलैया, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडक सीमाभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका व्यक्तिलाई अन्यत्र बसोबासको व्यवस्था मिलाइनेछ । साथै धार्मिक, सांस्कृतिक, सामरिक महत्वका क्षेत्र तथा प्राकृतिक प्रकोपको जोखिम भएका स्थानबाट पनि बसोबास हटाइने व्यवस्था गरिएको छ ।

यसैगरी अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सकिने प्रावधान राखिएको छ । उक्त समितिले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, जग्गा पहिचान र वितरणको काम गर्नेछ ।

सरकारले भूमि सम्बन्धी ऐन कार्यान्वयनका लागि नियमावली मात्र नभई आवश्यक निर्देशिका र कार्यविधि समेत बनाउन सक्ने व्यवस्था पनि थप गरेको छ । नयाँ व्यवस्थाले भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन प्रक्रियालाई एकीकृत र व्यवस्थित बनाउने सरकारको दाबी छ ।

## अमेरिकाले ७ जना नेपाली अति खराब सुचिमा राख्यो

**एजेन्सी/** यूएस डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीले सात जना नेपालीलाई अति खराब (वर्स्ट अफ द वर्स्ट) अपराधीको सूचीमा राखेको छ । यूएस इमिग्रेसन एन्ड कस्टमस् इन्फोर्समेन्ट (आइस)ले गैरकानुनी रुपमा बसोबास गर्दै आएका आप्रवासीलाई कारबाही गर्ने क्रममा पक्राउ गरेका ७ नेपालीलाई अनुसन्धानपछि होमल्यान्ड सेक्युरिटीले 'अति खराब' अपराधीको सूचीमा राखेको हो। यौन शोषण, विद्युतीय ठगी, लागूऔषध ओसारपसार, हिसांत्मक आक्रमण जस्ता गम्भीर अपराधिक गतिविधिमा उनीहरु संलग्न रहेको सूचीमा उल्लेख गरिएको छ । 'अति खराब' अपराधीको सूचीमा रिकेश थापा, नवीन शाह, टेकन कँडेल, रातुल सिंह, सयनम घिमिरे, अनिल पन्थ र सन्तोष दर्जीको नाम होमल्यान्ड सेक्युरिटीको वेबसाइटमा उल्लेख गरिएको छ । सूचीमा परेकामध्ये रिकेश वायर फ्रड (विद्युतीय ठगी)को अभियोगमा लुजियाना राज्यबाट पक्राउ परेका थिए ।

नवीन, रातुल र अनिल फरक-फरक मितिमा टेक्सस राज्यबाट पक्राउ परेका हुन् । नवीन ठगी, कुटपिट र चोरी, रातुल डकैती र अनिल सञ्चारमाध्यममार्फत नाबालिगलाई लोभ्याएको अभियोगमा आइसले पक्राउ गरेको होमल्यान्ड सेक्युरिटीले उल्लेख गरेको छ । टेकनलाई नाबालिगलाई यौन शोषण र बन्धक बनाएको अभियोगमा कोलोराडो सहरको ग्रिली सहरबाट पक्राउ गरिएको थियो ।

## पश्चिम बंगालमा भाजपालाई दुई तिहाई मत प्राप्त

**नयाँदिल्ली ।** भारतको पश्चिम बंगाल विधानसभामा प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) ले ऐतिहासिक अग्रता हासिल गर्दै लामो समयदेखि सत्तामा रहेको विपक्षी गढ कमजोर बनाएको छ। निर्वाचन आयोगका प्रारम्भिक परिणामअनुसार २९४ सिटमध्ये भाजपाले कम्तीमा १२४ सिट जितेको छ भने ८३ सिटमा अग्रता लिएको छ। यो निर्वाचन परिणामले भाजपाले सहजै दूई तिहाई मत प्राप्त गर्ने भएको छ।

यससँगै राज्यमा पहिलोपटक भाजपा सरकार गठन हुने सम्भावना बलियो बनेको छ। सन् २०११ देखि मुख्यमन्त्री ममता बनर्जी नेतृत्वको अखिल भारतीय तृणमूल कांग्रेसले शासन गर्दै आएको पश्चिम बंगालमा यो परिणामलाई ठूलो राजनीतिक मोडका रूपमा हेरिएको छ।

***१७....***.शहरी विकास, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाइ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय खारेज गर्ने प्रस्ताव गरिएको छ । सो प्रस्तावअनुसार खानेपानी तथा सरसफाइ मन्त्रालयबाट सरसफाइलाई स्वास्थ्य मन्त्रालयमा गाभिनेछ । शहरी विकास र खानेपानीलाई भौतिक पूर्वाधार मन्त्रालयमा गाभेर एकीकृत भौतिक पूर्वाधार मन्त्रालय बनाइने गरी कार्यदलले प्रस्ताव गरेको छ ।

युवा तथा खेलकुद मन्त्रालयलाई दुईवटा क्लस्टरका रुपमा शिक्षा र महिला मन्त्रालयमा गाभिनेछ । खेलकुदलाई शिक्षा मन्त्रालयमा गाभी शिक्षा तथा खेलकुद मन्त्रालय नामकरण गरिनेछ । त्यसैगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा युवा, जनसंख्या र सामाजिक सुरक्षा गाभेर लैंगिक समानता तथा सामाजिक विकास मन्त्रालय नामकरण गरिने प्रस्ताव गरिएको छ । यसैगरी भौतिक मन्त्रालयबाट यातायातलाई श्रममा लैजाने तयारी गरिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई प्रधानमन्त्री कार्यालयमा दुई सेक्टरका रुपमा गाभिने गरी प्रस्ताव तयार गरिएको छ । मुख्य सचिवको अध्यक्षतामा कर्मचारी व्यवस्थापन बोर्ड गठन गरी सोही बोर्डबाट कर्मचारी सरूवा, पदस्थापनजस्ता कार्य गरिनेछ । त्यसैगरी, संघीय मामिलाका कार्यहरु सम्पादन गर्न प्रधानमन्त्री कार्यालयका सचिवलाई सेक्टरल जिम्मेवारी दिने र उनीमातहतको महाशाखाले संघीय मामिलाको कार्य गर्ने गरी प्रस्ताव गरिएको छ ।

***भूमि आयोग**...करिब ५०-६० धनीपूर्जा तयार भएर पनि वितरण हुन सकेका छैनन् । यसअघि सम्बन्धित वडामार्फत संकलन गरिएका निवेदनहरु पालिकाबाट आयोगमा प्रविष्ट भइसकेका छन् । अब यी निवेदनका आधारमै भविष्यमा जुनसुकै आयोगले पनि कामलाई निरन्तरता दिने व्यवस्था गरिएको छ, जसले आवेदकलाई फेरि नयाँ निवेदन दिनुपर्ने झन्झट हटाएको छ । सरकारले अध्यादेशमार्फत सो आयोग खारेज गरिसकेको छ ।*

***पीडित**....*.सापटी लिएर भएपनि बचतकर्ताको रकम फिर्ता गर्ने योजना बनाइएको छ । यससँगै समितिले कर्जा नतिर्ने ऋणीहरुविरूद्ध कडा कदम चाल्ने तयारी गरेको छ । कर्जा असुलीलाई प्रभावकारी बनाउन ऋणीहरुको तीन पुस्तेसम्मको विवरण सार्वजनिक गर्ने रणनीति अघि सारिएको छ ।

खेलकुद

# प्रधानमन्त्री समक्ष आदिवासी रङ्गशालाका लागि बजेट माग

**कमल/** झापाको कमल गाउँपालिका-५ पाडाजुंगीस्थित आदिवासी रङ्गशाला तथा स्मृति प्रतिष्ठानको स्तरोन्नतिका लागि संघीय सरकारसँग बजेट माग गरिएको छ ।

साथै प्रतिष्ठानले भोगाधिकार समेत माग गरिएको छ। गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले प्रधानमन्त्रीका सचिवालय सदस्य नबिन भण्डारी मार्फत प्रधानमन्त्री बालेन्द्र शाह समक्ष रङ्गशालाको भोगाधिकार, विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) स्वीकृति तथा आगामी आर्थिक वर्षको बजेट विनियोजनका लागि वजेट माग प्रस्तुत गरेका हुन् ।

अध्यक्ष राईका अनुसार, तत्कालीन खेलकुद मन्त्री डिगबहादुर लिम्बुको पहलमा छुट्याइएको रु १ करोड बजेटबाट हालसम्म करिब ३५० मिटर ईँटाको पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ। राईले रङ्गशालाको निर्माण कार्य पूर्ण भएमा पूर्व-पश्चिम लोकमार्गसँग प्रत्यक्ष जोडिने भएकाले यो कोशी प्रदेशकै एक प्रमुख र सुविधासम्पन्न रङ्गशालाका रूपमा विकास हुने विश्वास व्यक्त गरेका छन् ।

उनका अनुसार, यस परियोजनाले खेलकुद विकाससँगै स्थानीय स्तरमा आर्थिक गतिविधि, पर्यटन प्रवर्द्धन तथा युवालाई खेलतर्फ आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# विराटनगर–वीरगञ्ज भन्सारमा एमआरपी विवाद

**विराटनगर/** वीरगञ्ज भन्सार कार्यालयले वैशाख १५ अघि आयात भएर गोदाम र भन्सार यार्डमा थन्किएका व्यापारिक सामानमा अधिकतम खुद्रा मूल्य (एमआरपी) को स्टिकर टाँसेर जाँचपास प्रक्रिया अघि बढाएको छ । भन्सार प्रमुख अर्जुन न्यौपानेका अनुसार एमआरपी उल्लेख नभएका सामानमा स्टिकर टाँसेपछि मात्रै जाँचपास भइरहेको छ । वैशाख १५ पछि आयात भएका वस्तुमा भने प्रायः एमआरपी उल्लेख भएर आएकाले प्रक्रिया सहज बनेको उनको भनाइ छ। आलु र प्याजजस्ता दैनिक उपभोग्य वस्तुमा समेत अब एमआरपी अनिवार्य रूपमा उल्लेख हुन थालेको छ ।

तर विराटनगर भन्सारमा भने यही व्यवस्था लागू हुन नसक्दा जाँचपास अवरुद्ध भएको छ । भन्सार एजेन्ट संघले एमआरपी स्टिकर टाँसेर सामान जाँचपास गराउन तयार भए पनि प्रशासनले सहयोग नगरेको आरोप लगाएको छ। संघका अध्यक्ष देवकी शर्माले अर्बौं रुपैयाँ बराबरका सामान आठ दिनदेखि गोदाम र सडकमा अलपत्र परेको बताए ।

यता विराटनगर भन्सार प्रमुख उमेश श्रेष्ठले स्टिकर टाँस्ने नभई मूल्य घोषणा गरेर मात्र जाँचपास हुने स्पष्ट पारेका छन्। उनका अनुसार अन्यत्र भइरहेको अभ्यासलाई आधार बनाएर निर्णय लिन नसकिने र कानुनी प्रक्रिया अनुसार नै काम भइरहेको छ ।

व्यवसायीहरूले भने एमआरपी प्रणाली व्यवहारिक नभएको भन्दै वैकल्पिक व्यवस्था गर्न सरकारसँग माग गरेका छन्। प्रधानमन्त्री र अर्थमन्त्रीको निर्णयमा समन्वय नहुँदा समस्या जटिल बनेको उनीहरूको आरोप छ। संघीय सरकारले वैशाख १५ देखि एमआरपी अनिवार्य गर्ने निर्णय कार्यान्वयन गरे पनि एकरूपता नहुँदा विराटनगरमा आयातित वस्तुको जाँचपास ठप्प जस्तै भएको छ। सरकारले देखिएको समस्या समाधान गर्न वैकल्पिक व्यवस्था तयारी गरे पनि त्यसमा सहमति नहुँदा व्यापारिक सहजीकरणमा ढिलाइ भइरहेको छ।

***वन**.......*वार्षिक लक्ष्य निर्धारण र प्राविधिक अडिट अनिवार्य गरेको छ। लक्ष्य पूरा नगर्ने अधिकारीमाथि कारबाहीको व्यवस्था पनि गरिएको छ। संशोधनले वन क्षेत्रको अभिलेखमा रहेका तर वास्तविक रूपमा बसोबास वा खेती भइरहेको जग्गालाई एकपटकका लागि वन क्षेत्रबाट छुट्याउन सकिने व्यवस्था गरेको छ। यसले सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या समाधानमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

धार्मिक वन व्यवस्थापनसम्बन्धी अधिकार पनि अब नेपाल सरकारमा मात्र रहनेछ। साथै, धार्मिक वन हस्तान्तरण तथा फिर्ता प्रक्रियामा कडाइ गरिएको छ।

सरकारका अनुसार यी संशोधनले विकास निर्माणलाई तीव्रता दिने र वन संरक्षणलाई पनि व्यवस्थित बनाउने लक्ष्य राखिएको छ।

***शिक्षक**...*सुन्दरपुरस्थित शिव माविका प्रधानाध्यापक देवनारायण चौधरी र विद्यालय व्यवस्थापन समिति अध्यक्ष कल्पना कार्कीले शिक्षक नियुक्ति गर्दा घुसवापत ५५ हजार र एक महिनाको तलब ४३ हजार गरी ९८ हजार रुपैयाँ लिएको तथ्य फेला परेको छ। मावि तहको संघीय शिक्षण सिकाइ अनुदान करार कोटाअन्तर्गत विज्ञान विषयको शिक्षक नियुक्ति गर्दा राजगढ गाउँपालिका-४ सप्तरीका सन्तोषकुमार शाहसँग मोटो रकम लिएको पाइएको हो ।

***लाइसेन्स**...*केवल नाम र रोल नम्बर मात्र सार्वजनिक गर्न विपक्षीका नाममा 'परमादेश' जारी गरेको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०५बस्ने चन्द्र लिम्बु पेहिम को नाममा दर्ता कायम रहेको मधुमल्ला५/च को कि.नं. ३३३ज.वि. ०-०-१९-२मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्व तर्फ सँधियार एकराज लिम्बु उपस्थिति नहुनु भएको हुदा उहाँ लाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,

- **होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,**
- **अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,**
- **स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिव देखेमा अनुमतिपत्र दिनुपर्ने,**
- **अनुमति दिंदाकै समयमा राजश्व संकलन गर्ने,**
- **अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ।**

त्यसैले अनुमति प्राप्त गर्न:

- **स्थानीय तहमा निवेदन दिऊँ,**
- **अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,**
- **अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,**
- **अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं,**

*बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं*
*नेपाल सरकार विज्ञापन बोर्ड*

नेपाल सरकार
विज्ञापन बोर्ड

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल